आज मिति २०८२ साल चैत्र ११ गते बुधवारका दिन दिनको १.०० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको नियमित बैठक का.वा.नगर प्रमुख श्री निराजन जंगमज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा चौवन्नौ बैठक बस्यो ।

उपस्थिति

| सि.नं | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | का.वा. नगर प्रमुख | श्री निराजन जंगम | |
| २ | वडा अध्यक्ष | श्री सन्त बहादुर लामा | |
| ३ | वडा अध्यक्ष | श्री अर्जुन न्यौपाने | |
| ४ | वडा अध्यक्ष | श्री गणेश आचार्य | |
| ५ | वडा अध्यक्ष | श्री उत्तम प्रसाद तिमल्सिना | |
| ६ | वडा अध्यक्ष | श्री प्रमोद सुन्दर श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री ~~संजय कोजू~~ | |
| ८ | वडा अध्यक्ष | श्री रोमी प्रसाद श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री विनोद गौतम | |
| १० | का.वा.वडा अध्यक्ष | श्री बालकृष्ण गौतम | |
| ११ | वडा अध्यक्ष | श्री गोविन्द प्रसाद उपाध्याय | |
| १२ | वडा अध्यक्ष | श्री नारायण प्रसाद बडाल | |
| १३ | वडा अध्यक्ष | श्री मोहन प्रसाद लामिछाने | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सिता पराजुली | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री सन्जु तामाङ | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सजना खड्गी | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री मिरु कुमारी भण्डारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्टराई (काफ्ले) | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री रत्न कुमारी सेवा | |
| २० | नगर कार्यपालिका सदस्य | श्री राम सुन्दर सुन्दास | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सुमी भुजेल | |
| २२ | सचिव | श्री मोहन प्रसाद मरासिनी | |

CS Scanned with CamScanner

५४औं कार्यपालिका बैठकका बिषयवस्तुहरु:

१. ५३ औ कार्यपालिका बैठकको निर्णय समीक्षा,
२. योंजनाहरुको सम्झौता सम्बन्धमा,
३. मुद्दाको पुनरावलोकन गर्ने नगर्ने सम्बन्धमा,
४. उपभोक्ता सिमिति गठन संचालन कार्यबीधि संशोधन सम्बन्धमा,
५. O and M सिमिति गठन सम्बन्धमा,
६. मध्यस्थता परिषदको पत्र सम्बन्धमा,
७. बिबिध,
   क. बोरिङको अनुमति सम्बन्धमा,
   ख. घर भाडामा लिने सम्बन्धमा,
   ग. LGPAS सिमिति गठन सम्बन्धमा,
   घ. वडा नम्बर १२ इटेको सामुदायिक भवन भत्काउने अनुमति दिने सम्बन्धमा,
   ङ. हिउँदे सभाको खाजा/खानाको खर्चको भुक्तानी दिने सम्बन्धमा,
   च. सिसिटिभि जडान सम्बन्धमा,
   छ. नक्सापास् सम्बन्धमा,
   ज. अन्तिम लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

५४औं कार्यपालिका बैठकमा पेश भएका बिषयबस्तु/प्रस्ताबमा छलफल गरी सर्बसम्मत रुपमा देहायका निर्णयहरु गरियो ।

१. नगरकार्यपालिकाको ५३ औ बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समीक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयको सम्बन्धमा शिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

२. धुलिखेल नगरपालिकाको बजेट अधिबेशन (२०८२ असार) बाट अनुमान गरिएको आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम चालु आर्थिक बर्षको तेश्रो त्रैमासिक सम्म उठेको आन्तरिक राजस्व र संघ तथा प्रदेश सरकारबाट निकासा अनुदान रकमको तुलना गर्दा प्रक्षेपण गरिएको तुलनामा कम आय हुने देखिएता पनि बजेट अधिबेशन (२०८२ असार) तथा हिउँदे अधिबेशन (२०८२ पौष) बाट विभिन्न शिर्षकमा निर्णय भएका पूर्वाधार योजनाहरु सम्झौता गरी कार्यन्वयन गर्न कार्यालयलाई निर्देशन दिने । श्रोतको अभावमा सम्पन्न योजनाहरुको भुक्तानी हुन नसकेमा आर्थिक वर्ष २०८३.०८४ मा भुक्तानी दिने निर्णय गरियो ।

३. जिल्ला अदालत काभ्रेपलाञ्चोकमा दर्ता भएको मुद्दा नम्बर ०८१-सिपि-०७१०, बिषय करार बमोजिमको रकम दिलाई पाउ भन्ने बादी उमेश तौजले र प्रतिवादी धुलिखेल नगरपालिका भएको मुद्दा अदालतबाट २०८२.०५.११ मा आंशिक दाबि पुग्ने ठहरी फैसला भएको सन्दर्भमा उच्च अदालतमा पुनरावलोकन लागि जाने कि फैसला बमोजिम रकम भुक्तानी दिने भन्ने सम्बन्धमा छलफल हुँदा फैसला बमोजिम रकम भुक्तानी दिने भन्ने बिषयमा सहमति भएकोले प्राविधिक मुल्यांकन बमोजिमको रकम, ब्याज र कोर्ट फि

Scanned with CamScanner

समेत भुक्तानी दिनु पर्ने भएकोले निर्मित संरचनाको मर्मत सम्भार शीर्षकबाट भुक्तानी हुने गरि रु १२०००००.० विनियोजन गर्ने निर्णय गरियो ।

४. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी प्रथम संसोधन कार्यविधि २०८० मा दोस्रो संसोधन गर्ने निर्णय गरियो :

| क्र सं | संसोधन गर्नुपर्ने दफाहरु | भएको व्यवस्था | थप/संसोधन गर्नुपर्ने बुँदा | संसोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १ | परिच्छेद २ दफा (४) क. उपदफा (५) | नवीकरणः उपदफा १ बमोजिम दर्ता भएको उपभोक्ता समितिले समिति निरन्तर सञ्चालन गर्न चाहेमा नियमित रुपमा साधारण सभा, लेखापरीक्षण, नविकरण लगायतका कार्य गर्नु पर्नेछ वा तोकिए बमोजिम योजना निर्माण कार्य सम्पन्न भएपछि समितिको निर्णय तथा वडाको सिफारिस बमोजिम नगरपालिकाले उपभोक्ता समितिको दर्ता खारेज गर्न सक्नेछ । यसरी नवीकरण गर्दा समितिले हरेक आर्थिक वर्षको अशोज मसान्त सम्ममा नवीकरण गरिसक्नुपर्नेछ, नवीकरण गर्न नआएमा चैत्र मसान्त सम्म थप दस्तुर तिरी नवीकरण गरिनेछ भने चैत्र मसान्त सम्म पनि नवीकरण गर्न नआएमा समिति स्वतः खारेज भएको मानिनेछ । | "चैत्र मसान्त सम्म पनि नवीकरण गर्न नआएमा समिति स्वतः खारेज भएको मानिनेछ" भन्ने वाक्यको "सट्टा चैत्र मसान्त पछि नविकरण गर्न आयमा नियमित दस्तुरको अतिरिक्त प्रति वर्षको थप रु २०० को दरले जरीवाना लिइ नवीकरण गरिनेछ" भनि थप गर्ने । | दर्ता भएका उपभोक्ता सिमितिहरुको नविकरण गर्ने चाहना |
| २ | परिच्छेद ३ को दफा (९) उपदफा (क) (ख) (ग) र (घ) | उपभोक्ताको लागत सहभागिता: (१) आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय लाभग्राही (उपभोक्ता) हरुले लागत सहभागिता देहाय बमोजिम गर्नु पर्नेछः<br>• खानेपानी, सडक,कल्भर्ट, पूल, कजवे,<br>• नदी कटान नियन्त्रण, ढल तथा नाली सम्वन्धी पूर्वाधारजन्य योजनामा २०%।<br>• सामुदायिक भवन, सामुदायिक विद्यालय भवन लगायतका भवन निर्माण र ग्रामीण तथा | उपभोक्ताको लागत सहभागिता: (१) आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय लाभग्राही (उपभोक्ता) हरुले योजना तथा कार्यक्रमको लागत अनुमान रकममा देहाय बमोजिम लागत सहभागिता गर्नु पर्नेछः<br>• खानेपानी, सडक,कल्भर्ट, पूल, कजवे,नदी कटान नियन्त्रण, ढल तथा नाली सम्वन्धी पूर्वाधारजन्य योजनामा १०%।<br>• सामुदायिक भवन, सामुदायिक विद्यालय भवन | महालेखा परिक्षकको प्रतिवेदन अनुसार लागत सहभागिता रकम निर्धारण गर्नुपर्ने भएकोले । |

CS Scanned with CamScanner

CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | शहरी विद्युतीकरण सम्बन्धी योजनामा १५% जन श्रमदान।<br>• मन्दिर, मस्जिद, गुम्बा, चर्च, सतल, घाटेपाटी सम्बन्धी योजनामा १५%।<br>• तालिम,शिक्षण,गोष्ठी,सेमिनार, अभिमुखीकरण जस्ता सफटवेयरका योजनामा कम्तिमा ३०%। | लगायतका भवन निर्माण र ग्रामीण तथा शहरी विद्युतीकरण सम्बन्धी योजनामा १० % जन श्रमदान।<br>• मन्दिर, मस्जिद, गुम्बा, चर्च, सतल, घाटेपाटी सम्बन्धी योजनामा १५%।<br>• तालिम,शिक्षण,गोष्ठी,सेमिनार , अभिमुखीकरण जस्ता सफटवेयरका योजनामा कम्तिमा ३०%। | |

५. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपलिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने ब्यावस्था गरेको र स्थानीय सेवाको गठन तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको बाग्मती प्रदेश सरकारको ऐन २०७९ को दफा ५ मा स्थानीय तहमा स्थानीय सेवाको सङ्गठन संरचना वा दरबन्दी मिलान गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको सयोजकत्वमा समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने उल्लेख भएकोले देहाय बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

प्रमुख प्रसाशकीय अधिकृत मोहन प्रसाद मरासिनी- संयोजक

शिक्षा अधिकृत भोजकुमार ठकुरी- सदस्य

लेखा अधिकृत भवानीप्रसाद मिश्र- सदस्य

प्रशासन अधिकृत गायत्रीरमण घिमिरे- सदस्य

समितिको कार्यक्षेत्रगत शर्त :

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ अनुसार धुलिखेल नगरपालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी विषयगत शाखा वा महाशाखा सहितको संगठन संरचना प्रस्ताब गर्ने,
- संगठन संरचनाको प्रस्ताव गर्दा संघीय मन्त्रालयले पठाएको संगठन तथा दरबन्दी र यस नगरपालिकाले मिति २०७८ सालमा तयार गरेको संगठन तथा दरबन्दीलाई समेत आधार लिने,

CS Scanned with CamScanner

- संगठन संरचना तयार गर्ने क्रममा बिहान, बेलुका तथा बिदाको दिनमा समेत समितिको बैठक बस्न सक्ने,
- समितिको बैठकमा बिषय बिज्ञको रुपमा कर्मचारी बाहेकका व्यक्तिलाई समेत आमन्त्रण गर्न सक्ने,
- समितिको बैठक बस्दा नियमानुसार भत्ता र खाजा खाना खर्च बापतको सेवा सुविधा लिन पाउने,

६. धुलिखेल नगरपालिकाको १५ शैयाँको नगर अस्पताल भवन निर्माण कार्यको जिम्मा लिएको निर्माण कम्पनी M/S Dragon-Kamaljit-Shivalaya JV ठेक्का सम्झौताको सर्त GCC, SCC बमोजिम नगरपालिकाले पुरस्कार रकम नदिएको हुनाले मध्यस्थताका लागि निर्माण कम्पनिले नेपाल मध्यस्थता परिषद्मा निबेदन दिएको र नगरपालिकाको तर्फबाट मध्यस्थताका लागि नाम सिफारिश गर्न परिषदले तीन जनाको नाम प्रस्ताब गरेको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

- धुलिखेल नगरपालिकामा १५ सैयाको अस्पताल निर्माण कार्य ठेक्का अवधि अगावै पुरा गरेकोमा पाउनुपर्ने पुरस्कार नदिएको भन्ने उजुरी निर्माण कम्पनीले मिति २०८२.०३.१९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दिएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२.०३.२४ मा नगरपालिकालाई पत्र लेखि आवश्यक कागजात सहित राय प्रतिक्रिया १५ दिन भित्र उपलब्ध गराउनु भन्ने पत्र नगरपालिकामा २०८२.०३.२९ मा दर्ता भै राय प्रतिक्रिया पठाउने तयारी गर्दै गर्दा निर्माण कम्पनीको तर्फबाट मिति २०८२.०३.२७ मा आपसी समझदारीमा बिबाद समाधान गरि पाऊँ भनि लेखेको पत्र मिति २०८२.०३.३० मा नगरपालिकामा दर्ता हुन आएको र कार्यालय प्रमुखले यस विषय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानको दायरामा रहेकोले थप केहि नगर्ने भने तोक आदेश भएको हुनाले सो बिषय नेपाल मध्यस्तता परिषदमा जानकारी गराउने र हाललाई नगरपालिकाको तर्फबाट मध्यस्तता गर्ने व्यक्ति सिफारिस नगर्ने,

७. बिबिध

क. धुलिखेल नगरपालिका वडा नं ८ को मिति २०८२/०२/२८ च.नं. १७२१ को पत्रानुसार धुलिखेल नगरपालिका वडा नं ८ रिसोर्ट मार्ग भट्टेडाँडामा निर्माण भईरहेको हिमालयन हेरिटेज रिसोर्ट प्रा.लि. को निर्माण तथा सञ्चालन गर्न पानीको श्रोत नभएको अवस्थामा डिप वोरिङ गर्न सिफारिस माग भई उक्त निवेदन उपर मिति २०८२/०७/१६ को धुलिखेल नगरपालिकाको जलश्रोत समितिको बैठकमा छलफल भई २०८२/०८/१० मा धुलिखेल नगरपालिकाको जलश्रोत नियमावलीको नियम २० बमोजिम जलश्रोत उपयोग सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकासित भएकोमा उक्त अवधिमा कुनैपनि उजुरि नपरेको र हिमालयन हेरिटेज रिसोर्ट प्रा.लि.ले गरेको जल-भौगर्भिक र भुभौतिकी अध्ययन प्रतिवेदन अनुसार प्रस्तावित डिप बोरिङ आसपासका क्षेत्रमा रहेका मुहानमा डिप बोरिङ संचालनले हुनसक्ने सम्भाभित क्षति न्यूनीकरण गर्न, डिप बोरिङ निर्माण र संचालन सँगसंगै भूमिगत पानि पुनर्भरण र डिप बोरिङ बाट संकलन गरी उचित उपयोगको नियमित निगरानी हुनेगरी डिप बोरिङ निर्माणको अनुमति प्रदान गर्न जलश्रोत समितिको मिति ~~२०८२~~.२०८२.१२.०२ को बैठकले नगरकार्यपालिका समक्ष पेश गर्ने निर्णय गरेकोले जलश्रोत समितिको शिफारिस बमोजिम बोरिंग गर्न अनुमति दिने निर्णय गरियो ।

ख. धुलिखेल नगरपालिकामा रहेका विभिन्न शाखा, शाखा अन्तर्गत रहने स्टोर तथा ल्याब समेतका लागि प्रयास मात्रामा कोठाहरु नभएको र प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत डाक्टरहरुका लागि समेत आवासको व्यावस्था मिलाउन पर्ने भएकोले नगरपालिका कार्यालयको आसपासमा घर भाडामा लिन कार्यालयलाई अनुमति दिने निर्णय गरियो ।

ग. स्थानीय शासन कार्य सम्पादन मुल्यांकन (व्यावस्थापन तथा संचालन) कार्यविधि २०८२ को दफा १४ बमोजिम स्वःमूल्याङ्कनको कार्यका लागि नगरपालिकामा देहाय बमोजिमको एक स्वःमूल्याङ्कन समन्वय समिति गठन गर्ने निर्णय गरियो,

प्रमुख प्रशासकीय अधिकृत-संयोजक
सामाजिक विकास क्षेत्र हेर्ने शाखा प्रमुख-सदस्य
आर्थिक विकास क्षेत्र हेर्ने शाखा प्रमुख-सदस्य
पूर्वाधार विकास क्षेत्र हेर्ने शाखा प्रमुख-सदस्य
वन तथा वातावरण क्षेत्र हेर्ने शाखा प्रमुख-सदस्य
योजना शाखा प्रमुख-सदस्य सचिव

घ. धुलिखेल नगरपालिका वडा नम्बर १२ इटेमा रहेको सामुदायिक भवन वि.सं २०७२ सालको भूकम्पमा क्षती भएको र क्षतिग्रस्त भवन राखी राख्दां थप मानवीय क्षती समेत हुन सक्ने देखिएकोले भवन भत्काउनं १२ नम्बर वडा कार्यालयले लेखी पठायको हुनाले आवश्यक प्रकृया पुरा गरि उक्त भवन भत्काउन वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो,

ङ. धुलिखेल नगरपालिकाको हिउँदे सभा २०८२ पौष ११ गते सम्पन्न भएको र उक्त सभामा उपस्थित सभाका सदस्य, कर्मचारी लगायत उपस्थित अन्यलाई खाजा खुवाउदा करिब रु १३५०००.० खर्च भएकोले सो रकम भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो,

च. सिद्धार्थ वालगृहको अनुरोध बमोजिम ३ थान सी सी टि भी जडान गरिदिने निर्णय गरियो,

छ. धुलिखेल नगरपालिका नक्शापास (विपेश व्यवस्था) पहिलो संशोधन कार्यविधि २०८० को भाग ३ को दफा ३ मा देहायको बुदा (छ) थप गर्ने : नगरपालिका क्षेत्रभित्र साविक गा.वि.स वा साविक नगरपालिका हुँदा स्वीकृति लिई वा बिना अनुमति निर्माण गरेका भवन/संरचना यस नगरपालिकाको पूर्व स्वीकृति विना/स्वीकृत भन्दा बढी निर्माण (तला थप गरेको) वा एक पटक अभिलेखीकरण गरेको भवन/संरचना पूर्व स्वीकृति बिना / स्वीकृत भन्दा बढी निर्माण (तला थप गरेको) भए नियमित दस्तुरको तेब्बर दस्तुर लिई एक पटकको लागि नक्सा नियमित गर्ने ।

ज. धुलिखेल नगरपालिकाको आर्थिक बर्ष २०८१.२०८२ को अन्तिम लेखा परीक्षण हालै सम्पन्न भएको र लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याईएको बेरुजुका विषयमा कार्यपालिका बैठकमा जानकारी गराईयो ।

झ. धुलिखेल नगरपालिकाको कार्यालय, वडा कार्यालय तथा नगरपालिका मातहतका अन्य निकायहरुवाट भएका सेवा प्रवाह, विकास निर्माणको अवस्था बारेमा सबै वडाका वडाध्यक्ष, कार्यपालिका सदस्यहरुले आ-आफनो धारणा राख्नु भयो । छलफलमा उठेका जिज्ञासा उपर कार्यबाहक नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले प्रस्ट पार्दै आगामी दिनमा गर्नुपर्ने सुधारका बारेमा धारणा राख्नुभयो ।

CS Scanned with CamScanner

ञ. महालेखा परीक्षकको मिति २०८२।१२।०९ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको बेरुजू दफा नं.४३ को उपभोक्ता समितिको योगदान सम्बन्धी असुली बेरुजू रु २०९९५८१।२५ का सम्बन्धमा नगरपालिकामा उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुमा कार्य सम्पन्नको आधारमा १५ देखि ३० प्रतिशत योगदान उपभोक्ता समितिलाई कट्टी गरी बाँकी सम्झौता अनुसारको रकम भुक्तानी दिनुपर्नेमा लागत अनुमानमा योजना अनुसार १५ देखी ३० प्रतिशत जोडेर सोही अनुपातमा उपभोक्ता समितिको हिस्सा मानी सम्झौता गरेकाले १३५ वटा उपभोक्तासँग सम्झौता गरी कार्यान्वयन गरेका योजनामा उपभोक्ता समितिको कम योगदान हुन गएकोले उ.स.बाट असुल उपर गर्नुपर्ने भनी उल्लेख भएको बेरुजू रकमका सम्बन्धमा नगरपालिकाको स्वीकृत विनियोजनमा ३ प्रतिशत कन्टिजेन्सी घटाई बाँकी रकमको १५ देखी २० प्रतिशत लागत उपभोक्ता समितिबाट थप गर्न लगाई कुल सम्झौता रकम कायम गरेको हो, प्रतिवेदनमा उल्लेख गरे जस्तो ३० प्रतिशतसम्म होइन ।उक्त अभ्यास यस नगरपालिकामा गत विगत देखि लेखापरीक्षण अवधिसम्म कायमै रहेको छ । उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा उक्त लागत अनुमान, सम्झौता र कार्यसम्पन्न प्रतिवेदन समेतलाई आधार मानी नगरपालिका र उपभोक्ता समितिको लागत अनुपात अनुसार बढी कार्यसम्पन हुँदा सम्झौताको रकम र घटी कार्य सम्पन्न हुँदा सोही अनुसार रकम घटाई भुक्तानी दिएको विषयमा लागत सहभागिता पुगेन भनी असुली लेखिएको बेरुजू कार्यालयको संस्थागत अभ्यास र मिति २०८२।११।०८ को लेखापरीक्षण बहिर्गमन बैठक समेतमा आगामी बर्षहरुमा तहांबाट दिइएको सुझावलाई कार्यालयले पालना गर्ने प्रतिबद्धता जनाइएको अवगत गराउदै उक्त बेरुजू रकमलाई सैद्धान्तिक वा अनियमित रुपमा उल्लेख गरिदिनका लागी अनुरोध गरिएकोमा असुली बेरुजू कायम भएकोले उपभोक्ता समिति मार्फत कार्य गराउने सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ को उपनियम ४ वमोजिम सम्झौता अनुसार उ.स. को लागत र कन्टिजेन्सी कट्टा गरी निकासा दिएको रकम असुली बेरुजू नभएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०८२ को नियम ८९ उपनियम ३ अनुसार लेखा उत्तरदायी अधिकृतले महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनमा असुलउपर गर्नुपर्ने भनी औंल्याइएको बेरुजू नियमित गर्नुपर्ने बेरुजू हो भनी ठहऱ्याएमा त्यस्तो बेरुजूलाई नियमित हुने बेरुजू कायम गरिदिन महालेखा परीक्षकबाट बार्षिक प्रतिवेदन पेश हुनुभन्दा अगाडी लेखी पठाउन सक्नेछ भन्ने कानुनी व्यवस्था अनुसार उक्त असुली बेरुजू रु २०९९५८१।२५ नियमित गर्नसक्ने बेरुजू कायम गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।